# तारकेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धर्मस्थली, काठमाडौं
## बागमती प्रदेश, नेपाल

विषय: आशयपत्र पेश गर्ने सम्बन्धि १५ दिने सावर्जनिक सूचना
(प्रथम पटक प्रकाशित मिति २०८१/१०/२०)

तारकेश्वर नगरकार्यपालिकाको मिति २०८१/१०/१८ गतेको निर्णयानुसार यस नगरपालिकाका क्षेत्र भित्र फोहोरमैला व्यवस्थापन तथा सरसफाईको लागि देहाय वमोजिम योग्यता र शर्त पुरा गर्न सक्ने यस नगरपालिका क्षेत्र भित्रका ईच्छुक संघ/संस्था/फर्म/कम्पनिहरुले आ-आफ्नो विवरण कागजात सहित यो आशयको निवेदन प्रस्ताव माग गरिएको छ। यो सूचनाको प्रकाशित भएको मितिले १५ दिन भित्र प्रमाणित कागजातको प्रतिलिपी सहित आशयको प्रस्ताव निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. भ्याटमा दर्ता भएको हुनु पर्नेछ।
२. अघिल्लो आ.व. को लेखा परीक्षण भई प्रतिवेदन पेश गर्नुपर्ने अडिट रिपोर्ट
३. आ.व.२०८०/०८१ सम्मको भएको कर चुक्ता हुनुपर्नेछ।
४. कम्तीमा ५ बर्षको फोहोरमैला व्यवस्थापनको कार्यानुभव भएको संस्था हुनपर्ने ।
५. आशयपत्र छनौट भई संझौता गर्नु अघि नगरपालिकाको राजस्व शाखामा रु २५ लाख धरौटी जम्मा गरेको नगदी भौचर संलग्न गर्नुपर्नेछ।
६. नगरपालिका भित्रका फोहोर संकलन गर्नका लागि तपसिल बमोजिमको सवारी साधन तथा आवश्यक पर्ने संख्यामा कर्मचारी व्यवस्थापन भएको हुनुपर्ने।
   - फोहोर संकलन कर्ता कम्तीमा २५ देखि ४० जना वा आवश्यकता अनुसार उपलब्ध गराउन सक्ने हुनुपर्ने।
   - कुचीकार कम्तीमा १५ जना भन्दा बढी हुनुपर्ने।
   - संकलन तथा ढुवानी साधन लोडर कम्तीमा १ वटा हुनुपर्ने।
   - मिनीट्रक/पिकअफ कम्तीमा ५ वटा हुनुपर्ने।
   - ट्रक /टिफर कम्तीमा ५ वटा हुनुपर्ने।
   - उपरोक्त मिनीट्रक/पिकअफ, ट्रक /टिफरहरु कम्पनीको आफ्नै नाममा वा गाडी सम्झौता मार्फत लिएको हुनुपर्ने।
   - सडकमा गाडी पार्किङ राख्न र फोहोर छान्न पाइनेछैन।

७. मठ मन्दिर तथा नदी नाला सरसफाई गर्नुपर्ने साथै आवश्यकता अनुरुप सार्वजनिक चोक तथा मठ मन्दिर वरिपरी नगरपालिका लोगो अङ्कित SECREGATE DUSTBIN निशुल्क राख्नुपर्नेछ।
८. मूल सडक तथा शाखा सडकमा सरसफाई गर्नुपर्ने साथै तस्विर सहित मासिक रुपमा कार्य विवरण नगरपालिकामा बुझाउनुपर्नेछ ।

Web: www.tarakeshwormun.gov.np
फोन नं ०१-५१६८१११ | Facebook: हेलो तारकेश्वर नगरपालिका, धर्मस्थली, काठमाडौं | Email: tarakeshwormun2071@gmail.com

CamScanner

९. नगरपालिकाको निर्देशन वमोजिम नगरवासीलाई फोहोर व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम प्रत्येक वडामा संचालन गर्नुपर्नेछ ।

१०. नगरपालिकाको लोगो अंकित प्रत्येक १ वडा देखि ११ वडा सम्मको घरधुरीमा Kitchen Secregate Dustbin उचित मूल्यमा उपलब्ध गराउने ।

१३. वडागत रुपमा फोहोर संकलन गर्ने घर धुरी संख्या घरधनीको नाम, नम्बर र शुल्क निर्धारण गरेको निर्णय विवरण नगरपालिकामा पेश गर्ने ।

१४. मठ, मन्दिर, सार्वजनिकस्थल तथा सामुदायिक विद्यालयहरुको फोहोर नि:शुल्क उठाउनुपर्ने ।

१५. खोलाको करिडोर वाल सरसफाई तथा सन्देशमूलक चित्र अङ्कित रङरोगन तथा बृक्षारोपण कार्यलाई जोड दिनुपर्ने ।

१६. फोहोर व्यवस्थापन गर्न अनिवार्य रुपमा नगरभित्र नै ट्रान्सफर स्टेसन भएको हुनुपर्नेछ र सोको क्षेत्रफल ३ रोपनी भन्दा माथि हुनुपर्नेछ ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

२०८१/१०/२०
.......................................
ईश्वर प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner